༄། །ཤོད་རོང་ཨོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

# सोलुदुधकुण्ड नगरपालिका

## सल्लेरी, सोलुखुम्बु

### कोशी प्रदेश

# सोलुदधकुण्ड राजपत्र

खण्ड: ९ संख्या: १ मिति:२०८३।०३।३२

भाग- १

## "आर्थिक ऐन, २०८३"

प्रमाणीकरण मिति: २०८३।०३।३२

## सोलुदुधकुण्ड नगरपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८३

**प्रस्तावना** :

सोलुदुधकुण्ड नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका लागि कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा राजस्व सङ्कलनको प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा-२२८ बमोजिम सोलुदुधकुण्ड नगरपालिकाको नगर सभाको अठारौं अधिवेशनले यो आर्थिक ऐन, २०८३ बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :(१) यस ऐनको नाम सोलुदुधकुण्ड नगरपालिकाको आर्थिक ऐन, २०८३ रहेको छ ।

(२) यो ऐन सोलुदुधकुण्ड नगरपालिकाको नगर सभाबाट पारित भएपछि २०८३ साल श्रावण १ गतेदेखि लागू हुनेछ ।

**२. मालपोत तथा भूमि करः**

(१) नगरक्षेत्र भित्र रहेको भूमिको उपयोग वापतको कर लगाई मालपोत तथा भूमि कर असुल गरिने छ । सो को दररेट **अनुसूची- १** मा उल्लेख गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कर सम्वन्धित वडा कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**३. मनोरञ्जन करः**

(१) नगरक्षेत्र भित्रका हाट बजार, मेला, चलचित्र घर, सांस्कृतिक प्रर्दशन हल, कर्न्सटमा देखाइने मनोरञ्जनजन्य क्रियाकलापहरूमा अनुसूची -२ बमोजिमको दर लगाई मनोरञ्जन कर असुल गरिने छ ।

(२) उपदफा (१) बमोजिम मनोरञ्जन कर एकमुष्ट तोकिएकोमा सोहीबमोजिम र अन्यमा मनोरञ्जन स्थलको प्रवेशका लागि खरिद गरिने टिकटको मूल्य अनुसार लाग्ने छ।

(३) यसबमोजिमको करको सङ्कलन नगर कार्यपालिकाको कार्यालय मार्फत गरिने छ ।

**४. विज्ञापन कर :**

(१) नगरपालिका भित्र विज्ञापन तथा प्रचार सामग्री राखे वापत अनुसूची- ३ बमोजिमको बिज्ञापन कर लगाई असुल गरिने छ ।

(२) उपदफा (१) बमोजिमको रकम नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**५. बाहिरबाट आयात हुने तरकारी करः**

(१) बाहिरबाट आउने तरकारी र फलफुल वापत लाग्ने कर अनुसुची- ४ मा व्यवस्था गरिएको छ।

(२) उपदफा (१) बमोजिमको रकम सम्बन्धित वडा कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**६. प्राकृतिक स्रोत वापतको शुल्कः**

(१) प्रदेश कानुनमा व्यवस्था भएअनुसार नगरक्षेत्र भित्रबाट सङ्कलन गरी बिक्री गरिने प्राकृतिक स्रोत वापतको शुल्क अनुसूची ५ बमोजिम शुल्क लगाई असुल गरिने छ ।

**७. घर वहाल कर :**

(१) नगरक्षेत्रभित्र भाडामा लगाईएका घरको बहाल बार्षिक १० प्रतिशतका दरले अनुसुची -२० बमोजिम घर बहाल कर सम्बन्धित घरधनीबाट असुल गरिने छ ।

(२) उपदफा १बमोजिमको रकम वडा कार्यालय तथा नगरपालिका कार्यालय मार्फत सङ्कलन गरिने छ।

**८. व्यवसाय दर्ता तथा नवीकरण शुल्क :**

(१) नगर क्षेत्र भित्र सञ्चालन हुने व्यवसायहरूका लागि व्यवसाय दर्ता शुल्क तथा दर्ता भएका व्यवसायहरूको नवीकरण वापतको व्यवसाय दर्ता तथा नवीकरण शुल्क अनुसूची - ६ बमोजिम असुल गरिने छ।

(२) उपदफा १ बमोजिमको कर रकम सम्वन्धित वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**९. पर्यटन उद्योग शुल्क :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा अनुसूची- ७ बमोजिम पर्यटन शुल्क लगाई असुल गरिने छ ।

(२) उपदफा १ बमोजिमको पर्यटन शुल्क नगर कार्यपालिकाको कार्यालय मार्फत असुल गरिने छ ।

**१०. सिफारिस / प्रमाणित शुल्क :**

(१) नगरपालिका वा वडाहरूबाट हुने सिफारिसहरूलाई अनुसूची- ८ बमोजिमका शुल्क कायम गरी सिफारिस शुल्क असुल गरिने छ ।

(२) उपदफा १ बमोजिमको कर सम्बन्धित वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**११. सेवा सञ्चार उद्योग शुल्कः**

(१) नगरपालिका क्षेत्रमा सञ्चालन भएका र हुने सञ्चार सम्वन्धी उद्योगहरूलाई अनुसूची -९ बमोजिमको कर लगाई असुल गरिने छ ।

(२) उपदफा १ बमोजिमको रकम सम्वन्धित वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ।

**१२. स्वास्थ्य सेवा शुल्कः**

(१) नगरपालिका क्षेत्रमा सञ्चालन भएका र हुने स्वास्थ्य सेवासम्वन्धी संस्थालाई अनुसूची -१० बमोजिमको कर लगाई असुल गरिने छ ।

(२) उपदफा १ बमोजिमको रकम नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ।

**१३. काष्ठ उद्योग काठ चिरान तथा निकासीका लागि सिफारिस शुल्कः**

(१) नगरपालिका क्षेत्रमा सञ्चालन हुने काठ चिरानी तथा वनपैदावारमा आधारित उद्योग वा व्यवसायिक संस्था तथा समूहलाई अनुसूची -११ बमोजिम कर लगाई असुल गरिने छ । घरायसी तथा व्यवासायीक प्रयोजनको लागि काठ चिरान तथा निकासिको लागि सिफारिस गरे वापत अनुसुची -११ मा उल्लेख भएबमोजिमको कर असुल गरिने छ।

(२) उपदफा १ बमोजिमको रकम सम्बन्धित वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**१४. इन्धन आयल स्टोर्स दर्ता तथा नवीकरण शुल्कः**

(१) नगरपालिका क्षेत्रमा सञ्चालन हुने इन्धन आयल स्टोर  दर्ता तथा नवीकरण वापत अनुसूची- १२ बमोजिम कर लगाई असूली गरिने छ।

(२) उपदफा १ बमोजिमको रकम नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**१५. सामुदायिक तथा व्यवसायिक जलविद्युत शुल्कः**

(१) नगरपालिका क्षेत्रमा सञ्चालन हुने सामुदायिक तथा व्यवसायिक जलविद्युतका लागि अनुसूची -१३ बमोजिमको कर लगाई असुल गरिने छ।

(२) उपदफा १ बमोजिमको कर रकम नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**१६. सामुदायिक एफ.एम तथा रेडियो स्टेशन करः**

(१) नगरक्षेत्रमा सञ्चालन हुने सामुदायिक एफ.एम तथा रेडियो स्टेशन दर्ता अभिलेखिकरण तथा वार्षिक नवीकरण वापत रकम र  अनलाईनका माध्यामबाट प्रकासित हुने अनलाईन पत्रिकाको दर्ता, नवीकरण अनुसूची -१४ बमोजिम कर लगाई असुल गरिने छ ।

(२) उपदफा १ बमोजिमको शुल्क नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**१७. वित्तीय संस्थाहरूको शुल्कः**

(१) नगरक्षेत्रमा सञ्चालन हुने वित्तीय संस्थाहरूको दर्ता तथा नवीकरण गरे वापत वार्षिक शुल्क अनुसुची -१५बमोजिम असुल गरिने छ ।

(२) उपदफा १ बमोजिमको शुल्क नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**१८. गैरसरकारी संस्था दर्ता नवीकरण तथा कार्यक्रम स्वीकृति शुल्कः**

(१) नगर क्षेत्रमा सञ्चालन हुने र भैरहेको गैरसरकारी संस्था दर्ता, नवीकरण तथा उक्त संस्थाहरूको कार्यक्रम स्वीकृति शुल्क अनुसूची -१६ बमोजिम सङ्कलन गरिने छ।

(२) उपदफा १ बमोजिमको रकम नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**१९. घर नक्सा पास, नामसारी तथा अभिलेखीकरण शुल्कः**

(१) घर नक्सा पास, नामसारी तथा अभिलेखीकरण वापतको अनुसूची -१७ मा उल्लिखित शुल्क कर लगाई असुल गरिने छ ।

(२) उपदफा १ बमोजिमको रकम नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**२०. कार्यालयको औजार तथा सवारी साधान बहाल शुल्कः**

(१) यस नगरपालिकाको औजार सामाग्री तथा सवारी साधन भाडामा लगाए वापतको रकम अनुसूची -१८ बमोजिम कर लगाई असुल गरिने छ।

(२) उपदफा १ बमोजिमको रकम नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**२१. सेवा व्यवसाय सञ्चालन दर्ता शुल्कः**

(१) नगरपालिका क्षेत्रमा सञ्चालन हुने भाषा शिक्षण कक्षा, ट्यूसन कक्षा, कम्प्युटर कक्षा, बैदेशिक रोजगार सेवा, घर जग्गा खरिद बिक्री तथा भु-सेवाका लागि अनुसूची- १९ बमोजिमको कर लगाई असुल गरिने छ ।

(२) उपदफा १ बमोजिमको रकम वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालय मार्फत असुल गरिने छ ।

**२२. अन्य/विविध विषयका कर तथा शुल्कः**

(१) अन्य विषयका कर अनुसूची -२० मा उल्लेखित वापतको रकम कर लगाई असुल गरिने छ ।

(२) उपदफा १ बमोजिमको रकम नगर कार्यपालिकाको कार्यालय मार्फत सङ्कलन गरिने छ ।

**२३. दण्ड जरिवानाः**

यस ऐनमा उल्लेखित कर रकम एक आर्थिक वर्षमा नबुझाएमा थप १० प्रतिशत जरिवाना गरी सङ्कलन गरिने छ साथै यस ऐनको उल्लंघन वापत हुने दण्ड र जरिवानाको व्यवस्था प्रचालित ऐन नियम एवं प्रदेश तथा सङ्घीय कानुनबमोजिम हुनेछ ।

२४. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४बमोजिम सङ्घ तथा प्रदेश सरकारको आर्थिक ऐन एवं प्रचालित ऐन नियमबमोजिम तोकिने कर, दस्तुर र शुल्कका विषयमा सोहीबमोजिम कर, दस्तुर र शुल्क कायम गरी असुल उपर गरिने छ ।

**२५. खारेजी र बचाउः**

यस अघि प्रचलित कानुनबमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भएको मानिने छ ।

## अनुसूचीहरू

## अनुसूची - १

## मालपोत तथा भूमि कर

| सि.नं. | विवरण | कर | कैफियत |
|---|---|---|---|
| **१.** | **मालपोत तथा भूमिकर सम्बन्धी** | | |
| (क) | आवासको लागि न्यूनतम (१ रोपनीसम्म ) | १००.०० | |
| (ख) | आवासको लागि अधिकतम (५ रोपनीसम्म) न्यूनतममा थप हुने | १५.०० | |
| (ग) | कृषि न्यूनतम ५ रोपनीसम्म | ५०.०० | |
| (घ) | कृषि अधिकतम ५ रोपनीभन्दामाथि प्रति रोपनी थप | १०.०० | |
| (ङ) | अन्य जग्गामा प्रति रोपनी | १५.०० | |
| (च) | जरिवाना दस्तुर वक्यौदा रकमको | २०% | |
| (छ) | मालपोत कार्यालयका लागि गरिने जुनसुकै सिफारिस पत्रका सिफारिस दस्तुर (नामसारी, चार किल्ला खुलाउने आदि) | ६००.०० | |
| (ज) | बैङ्क प्रयोजनार्थ मालपोत सम्बन्धी सिफारिस | ५००.०० | |
| (झ) | जग्गा प्लटिङ्ग सिफारिस प्रति वर्ग फिट (व्यवसायिक प्रयोजनका लागि) | १०.०० | |

## अनूसूची - २

## मनोरञ्जन कर

| क.सं | शीर्षक | व्यवसायको प्रकृति | दर |
|---|---|---|---|
| १ | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा दर्शकबाट प्रति टिकट | कोशी प्रदेश सरकारले निर्धारण गरेबमोजिम | |

| | | |
|---|---|---|
| २ | भिडियो घर, साँस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थिएटर, नाटक घर | |
| ३ | दोहोरी साँझ, गजल साँझ, नाईट क्लब, स्पा, डान्स बार, डिस्को, नृत्यशाला वा नाचघर, रोदीघर (वार्षिक रु.) पार्क, फन पार्क, वाटर गार्डेन, वाटर पार्क, बाल उद्यान, चिल्ड्रेन पार्क, | |
| ४ | अपेरा, उद्यान, रिसोर्ट, सपिड मल भित्र रहेका ट्र्याम्पोलाईन पार्क लगायत अन्य मनोरञ्जनात्मक स्थल (वार्षिक रु.) | |
| ५ | मेला, महोत्सव, प्रदर्शनी, सर्कस, साँस्कृतिक कार्यक्रम, मनोरञ्जनात्मक कार्यक्रम, मनोरञ्जनात्मक खेलकुद प्रतियोगिता (प्रतिदिन रु.) | |
| ६ | जादु, चटके लगायत निश्चित अवधिसम्म सञ्चालन हुने साना प्रकृतिका मनोरञ्जनमा (प्रतिदिन)रु. | |
| ७ | पिकनिक स्थल (वार्षिक) | |
| ८ | बञ्जी जम्पिङ, न्याफ्टिङ, क्यानोनिङ, जीप फ्लायर, प्याराग्लाइडिङ, केबलकार, रक क्लाइम्बिङ, आकाशे सिसाको पुल /स्काइ वाक, जेट बोट, स्टिमर, नौका विहार, पर्यटकीय | |

| | | |
|---|---|---|
| | हवाई चार्टड साहसिक मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्ने संस्था अल्ट्रालाइट, उडान, अन्य | |

## अनुसूची -३
## विज्ञापन कर

| क्र.सं. | विवरण | कर/शुल्क | कैफियत |
|---|---|---|---|
| (क) | मदिरा तथा सूर्तिजन्य पदार्थ बाहेकका विज्ञापन होर्डिङ बोर्ड, साइन बोर्ड तथा फ्लेक्स बोर्ड राख्न अनुमति शुल्क (१.५x ३ फिटसम्म) | १००.०० | वार्षिक |
| | १.५x ३ फिट भन्दा ठूला विज्ञापन होर्डिङ बोर्ड, साइन बोर्ड तथा फ्लेक्स बोर्ड प्रति वर्ग फिट | ५०.०० | वार्षिक |
| (ख) | डिलरमा आधारित व्यवसायिक व्यानर (व्यवसाय प्रवर्द्धन प्रयोजनका लागि) | १०,०००.०० | वार्षिक |
| (ग) | पोल व्यानर प्रतिगोटा (एक हप्तासम्म) | ५०.०० | |
| (घ) | पोल व्यानर प्रतिगोटा (एक महिनासम्म) | २५०.०० | |
| (ङ) | कुनै खास महोत्सव, जात्रा, प्रतियोगिता तथा व्यवसायिक कार्यक्रमका लागि नगरपालिकाले तोकेको स्थानमा राखिने अस्थायी होर्डिङ बोर्ड | प्रति वर्ग फिट १०.०० | |

## अनूसूची - ४
## तरकारी र फलफूल आयतमा लाग्ने कर

| क्र.सं. | आयात हुने तरकारी र फलफूल | कर | कैफियत |
|---|---|---|---|
| १. | आयात हुने तरकारी र फलफूलमा लाग्ने कर प्रति के. जी. | ३.०० | |

## अनूसूची - ५

### प्राकृतिक स्रोत वापतको शुल्क

| क्र. सं. | प्राकृतिक स्रोत वापतको शुल्क शीर्षक | इकाई | दर (मू. अ. कर बाहेक) |
|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, रोडा, बालुवा, चिप्स, ग्राभेल, चट्टान, स्लेट, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख, कटिङ ढुङ्गा (दहत्तर वहत्तर) (स्वीकृत खानीक्षेत्र बाहेक) | प्रति क्यू. फिट | कोशी प्रदेश सरकारले निर्धारण गरेबमोजिम |
| २ | माटो, भरौट, बलौट (दहत्तर वहत्तर) (स्वीकृत खानीक्षेत्र बाहेक) | प्रति क्यू. फिट | |
| ३ | गत विगत वर्ष सङ्कलन भई बाँकी रहेको ढुङ्गा, गिट्टी, बालुवा लगायतका प्राकृतिक स्रोतको स्टक प्रमाणित, | प्रति क्यू. फिट | |
| ४ | नदी/खोला किनाराको बाहेक निजी जग्गा वा व्यक्तिको स्वामित्वको जग्गाको ढुङ्गा, गिट्टी, रोडा, ग्राभेल, बालुवा विकीको लागि अनुमति दस्तुर | प्रति क्यू. फिट | |
| ५ | नदी/खोला किनाराको बाहेक निजी जग्गा वा व्यक्तिको स्वामित्वको जग्गाको माटो, भरौट, बलौट, बिक्रीको लागि अनुमति दस्तुर | प्रति क्यू. फिट | |

## अनूसूची - ६

## व्यवसाय दर्ता तथा नवीकरण शुल्क

| १. | व्यवसाय नवीकरण वार्षिक शुल्क | दर्ता | नवीकरण | कैफियत |
|---|---|---|---|---|
| (क) | ज्वेलरी पसल | २,५००.०० | १५,००.०० | |
| (ख) | इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल र भाँडावर्तनका पसल, सामान उत्पादनका आरन | २,०००.०० | १,०००.०० | |
| (ग) | मदिरा तथा सूर्तिजन्य पदार्थ सहितका पसल | ५,०००.०० | २,०००.०० | |
| (घ) | किराना पसल तथा अन्य पसल | १,५००.०० | ५००.०० | |
| (ङ) | सवारी साधन विक्रेता पसल र शोम | १०,०००.०० | ५,०००.०० | |
| (च) | हार्डवेयर तथा निर्माण सामाग्री र कवाडी सङ्कलन, बिक्री सामाग्रीका सप्लायर्सहरूका लागि | १०,०००.०० | ५,०००.०० | |
| (छ) | अन्य विविध प्रकारका पसलहरू तथा व्यवसायहरू (जस्तै मर्मत केन्द्रहरू, पुल हाउस, जिम हाउस, शैलुन,पार्लर लगायत कुनै पनि शीर्षकमा नपरेका व्यवसायहरू ) | ३,०००.०० | १,५००.०० | |

| | | | | |
|---|---|---|---|---|
| (ज) | मासु पसल | ३,०००.०० | २,५००.०० | |
| (झ) | फर्निचर निर्माण गरी बिक्री गर्ने व्यवसायरहरू | ५,०००.०० | ३,०००.०० | |
| (ञ) | ग्रिल उद्योग | १०,०००.०० | ५,०००.०० | |
| (ट) | ऊर्जामुलक उद्योग (बायो ग्याँस तथा अन्य स्रोतहरूबाट ऊर्जा पैदा गर्न उद्योग व्यवसाय) | २,५००.०० | २,५००.०० | |
| (ठ) | मोटर साईकल लगायत दुई पाङ्ग्रे,तीन पाङ्गे सवारी साधन मर्मत गर्ने वर्कशप | १०,०००.०० | ५,०००.०० | |
| (ड) | चारपाङ्ग्रे तथा हेभी इक्युपमेन्ट लगायतका सवारी साधन मर्मत गर्ने वर्कशप | १५,०००.०० | १०,०००.०० | |
| (ढ) | सेवा प्रदायक व्यवसाय सञ्चालनका लागि | ५,०००.०० | ३,०००.०० | |
| (ण)<br>(त)<br>(थ) | माथि उल्लेखित भए बाहेकका व्यवसायका लागि<br>गहना उद्योग<br>डिल्टिलरी फरमन्टेशन सञ्चालन | ३,०००.००<br>३,०००.००<br>५०,०००.०० | २,०००.००<br>२,०००.००<br>२०,०००.०० | |

## अनुसूची - ७
## पर्यटन उद्योग शुल्क

| १. | **पर्यटन उद्योग वार्षिक शुल्क** | दर्ता | नवीकरण | कैफियत |
|---|---|---|---|---|
| (क) | **होटल, रेष्टूरेण्ट, लज, होमस्टे** | | | |
| अ. | ५ लाखसम्म पूँजी भएको होटल, रेष्टूरेण्ट, लज, गेष्ट हाउस, होमस्टे | २०००.०० | १५००.०० | |
| आ. | ५ लाखदेखि १० लाख भन्दा माथि पूँजी भएको होटल, रेष्टूरेण्ट, लज, गेष्ट हाउस, होमस्टे | १०,०००.०० | २५००.०० | |
| (ख) | चिया पसल, बेकरी पसल तथा पार्लर | १,५००.०० | ५००.०० | |
| (ग) | जीप, बस, टयाम्पु दर्ता, नवीकरण शुल्क | कुनै एउटा मात्र काउन्टर भएमा ६,०००।<br>-दुई वा सोभन्दा बढी भएमा १०,०००.०० लिईनेछ। | | ५,०००.०<br>१०,०००.०० |
| (घ) | ट्राभल एजेन्सी | ३,५००.०० | २,०००.०० | |
| (ङ) | ५० लाखभन्दा बढी होटल, रिर्सोट आदि | १५,०००.०० | ५,०००.०० | |

## अनुसूची - ८
## सिफारिस/प्रमाणित शुल्क

| १. | **सिफारिस तथा फाराम दस्तुर** | **शुल्क** | **कैफियत** |
|---|---|---|---|
| (क) | पेन्सन सिफारिस | ५००.०० | |

| | | | |
|---|---|---|---|
| (ख) | नेपाली नागरिकता सिफारिस | ५००.०० | |
| (ग) | नेपाली नागरिकता प्रतिलिपि सिफारिस | १०००.०० | |
| (घ) | अङ्गीकृत नयाँ तथा प्रतिलिपि नागरिकता फाराम सहित सिफारिस | १,०००.०० | |
| (ङ) | गैर आवासीय नागरिकताको सिफारिस | ३,०००.०० | |
| (च) | सर्जिमिन मुचुल्का गर्नु पर्ने सिफारिस (भूमि प्रशासन कार्यालयका लागि) | १,०००.०० | |
| (छ) | बिजुली बत्ती वा पानीको सिफारिस | ५००.०० | |
| (ज) | **नाता प्रमाणित सिफारिसः** | | |
| | अ. नेपाली र अङ्ग्रेजीमा | १,०००.०० | |
| | आ. नेपाली मात्र/अङ्ग्रेजी मात्र | ५००.०० | |
| (झ) | घर बाटो प्रमाणित वा फुकुवा सिफारिस (प्रति कित्ता) | ५००.०० | |
| (ञ) | अस्थायी ठेगाना प्रमाणित, विवाह, नाता, जन्म, अविवाहिता तथा जुनसुकै प्रमाणित | ५००.०० | |
| (ट) | छुट जग्गा दर्ता सिफारिस | १,०००.०० | |
| (ठ) | पञ्जीकरण (जन्म, मृत्यु, वसाईसराई, विवाह र सम्बन्ध विच्छेद) अनलाईनका नियम अनुसार र प्रतिलिपि | २००.०० र ५००.०० | |
| (ड) | सम्बन्ध बिच्छेद सिफारिस (न्यायिक समिति मार्फत) | १०,०००.०० | |
| (ढ) | यसै शीर्षकसँग सम्बन्धित अन्य सिफारिस | ५००.०० | |
| (ण) | नागरिकता सिफारस गर्न सर्जमिन मुचुल्का | १०००.०० | |

| | | | |
|---|---|---|---|
| (ट) | विदेशीको हकमा स्वयंसेवकहलाई लिईने शुल्क(प्रति महिना) | २,०००.०० | |

## अनुसूची - ९

## सेवा तथा सञ्चार उद्योग शुल्क

| १. | सेवा तथा सञ्चार उद्योग शुल्क | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| (क) | छापाखाना, परामर्श सेवा, फोटोग्राफी प्रकृतिका पसलहरू | ५,०००.०० | ३,०००.०० | |
| (ख) | निजि क्षेत्रका मोवाइल सेवा प्रदायक | ५,०००.०० | ३,०००.०० | |
| (ग) | निजि इन्टरनेट सेवा प्रदायक संस्था | १०,०००.०० | ५,०००.०० | |
| (च) | मिनरल वाटर प्रशोधन प्रतिलिटर स्वदेशी लगानीमा | ०.५० | | |
| (छ) | मिनरल वाटर प्रशोधन प्रतिलिटर विदेशी लगानीमा | १.०० | | |
| (ज) | स्प्रिङ वाटर प्रशोधन प्रतिलिटर | ०.५० | | |

## अनुसूची - १०

## स्वास्थ्य सेवा शुल्क

| १. | स्वास्थ्य सेवा | दर्ता | नवीकरण |
|---|---|---|---|
| (क) | १. संस्था दर्ता शुल्क (निजी स्वास्थ्य संस्था) | १०,०००.०० | ५,०००.०० |

| | | | |
|---|---|---|---|
| | २. फार्मेसी (जनस्वास्थ्य, पशु, कृषि) | २,०००.०० | १,०००.०० |
| | ३. अन्यत्र दर्ता भएका स्वास्थ्य संस्था सूचीकृत | २,०००.०० | |
| २. | **वार्षिक शुल्क** | | |
| (क) | प्राइभेट अस्पताल | १०,०००.०० | |
| (ख) | स्वास्थ्य क्लिनिक तथा ल्याब सेवा | ५,०००.०० | |
| (ग) | औषधी पसल तथा मेडिकल सेवा | ५,०००.०० | |

## अनुसूची - ११

## काष्ठ उद्योग, काठ चिरान तथा सिफारिस शुल्क

| १. | **काष्ठ उद्योग** | **दर्ता शुल्क** | **नवीकरण शुल्क** |
|---|---|---|---|
| **(क)** | काठ चिरानी मिल | १५,०००.०० | १०,०००.०० |
| (ख) | कृषि, पशु, वन्यजन्तु तथा वन पैदावरमा आधारित उद्योग व्यवसायिक संस्था तथा समूह दर्ता | ३,०००.०० | १,०००.०० |
| (ग) | साना सिञ्चाई आयोजना निवेदन दस्तुर | ५००.०० | |
| (घ) | ५ लाख माथि पूँजी भएका कृषि, पशु, वन्यजन्तु तथा वन पैदावरमा आधारित उद्योग व्यवसायिक संस्था तथा समूह सूचीकृत | १,०००.०० | |
| (ङ) | कृषि, पशु, वन्यजन्तु तथा वन पैदावरमा आधारित उद्योग व्यवसायिक संस्था तथा समूह जुनसुकै सिफारिस वापत | ५००.०० | |
| २. | **काठ चिरान तथा निकासीका लागि सिफारिस** | | |

| | | | |
|---|---|---|---|
| अ. | घरायसी प्रयोजनका लागि सल्ला, गोब्रे, ठिङ्ग्रे जाति प्रति रुख (जग्गा धनीले वडा कार्यालयमा रुख कटान सिफारिस वापत तिर्नुपर्ने) | २००.०० | |
| आ. | घरायसी प्रयोजनका लागि उत्तिस जाति प्रति रुख (जग्गा धनीले वडा कार्यालयमा रुख कटान सिफारिस वापत तिर्नुपर्ने) | १५०.०० | |
| इ. | अवैध रुख बाहेक अन्य जातिका घरायसी प्रयोजनका लागि ( जग्गा धनीले वडा कार्यालयमा रुख कटान सिफारिस वापत तिर्नुपर्ने) | १००.०० | |
| ई. | व्यवसायिक प्रयोजनका लागि व्यवसायीहरूले नगरपालिकामा निकासी तथा बिक्री वापत तिर्नु पर्ने गोलिया/चिरान काठ प्रतिक्यू फिट | १०.०० | |

## अनुसूची- १२

## इन्धन आयल स्टोर्स तथा दर्ता नवीकरण शुल्क

| १. | इन्धन आयल स्टोर्स | दर्ता | नवीकरण | कैफियत |
|---|---|---|---|---|
| (क) | दर्ता तथा अभिलेखीकरण | २०,०००.०० | १५,०००.०० | |

## अनुसूची- १३

## सामुदायिक तथा व्यवसायिक जलविद्युत शुल्क

| १. | विवरण | शुल्क | कैफियत |
|---|---|---|---|
| (क) | सामुदायिक जलविद्युत वार्षिक शुल्क | | |

| | | | |
|---|---|---|---|
| अ. | १०० वाटदेखि १ मेगावाटसम्म | १,००,०००.०० | |
| (ख) व्यवसायिक जलविद्युत उत्पादन वार्षिक शुल्कः | | | |
| अ. | १ मेगावाटदेखि १० मेगावाटसम्म | २ लाख | |
| आ. | १० मेगावाटदेखि २५ मेगावाटसम्म | २ लाख ५० हजार | |
| इ. | २५ मेगावाटदेखि १०० मेगावाटसम्म | ४ लाख | |

## अनुसूची - १४

## सामुदायिक एफ.एम. तथा रेडियो स्टेशन कर

| १. | सामुदायिक एफ एम तथा रेडियो स्टेशन | दर्ता शुल्क | नवीकरण शुल्क |
|---|---|---|---|
| (क) | सामुदायिक एफ. एम. तथा रेडियो स्टेशन दर्ता वा अभिलेखीकरण | १०,०००.०० | ५,०००.०० |
| (ख) | अनलाईन मिडिया | ५,०००.०० | २५००.०० |

## अनुसूची- १५

## वित्तीय संस्थाहरूको शुल्क

| १. | वित्तीय संस्थाहरू वार्षिक शुल्क | दर्ता शुल्क | नवीकरण |
|---|---|---|---|
| (क) | राष्ट्रिय बाणिज्य बैङ्कहरूका शाखा कार्यालयहरू, क वर्गका बाणिज्य बैङ्कहरूको शाखा कार्यालयहरू र वीमा कम्पनीहरू बार्षिक सूचीकृत | १५,०००.०० | १०,०००.०० |
| (ख) | विकास बैङ्क, वित्तीय संस्था र धितोपत्र कारोबार गर्ने संस्था सूचीकृत | १०,०००.०० | ५,०००.०० |
| (ग) | मुद्रा सटही काउण्टर सूचीकृत | १०,०००.०० | ५,०००.०० |
| (घ) | कृषि सहकारी संस्था, किसान सहकारी संस्था, महिला सहकारी संस्था | १,०००.०० | ५००.०० |

## अनुसूची - १६
## गैर सरकारी संस्था सूचीकृत दर्ता, नवीकरण तथा कार्यक्रम स्वीकृति शुल्क

| क्र.सं. | संस्था सूचीकृत दर्ता, नवीकरण तथा कार्यक्रम स्वीकृति | दर्ता | नवीकरण |
|---|---|---|---|
| (क) | सोलुखुम्बु जिल्लाभन्दा बाहिर दर्ता भई यस नगरपालिकालाई कार्यक्षेत्र बनाएर कार्य गर्ने संस्थाहरू | १०,०००.०० | ५,०००.०० |
| (ख) | सोलुखुम्बु जिल्लाभित्र दर्ता भई नगरपालिकालाई कार्यक्षेत्र बनाएका संस्थाहरू तथा सहकारी | २,०००.०० | १,०००.०० |
| (ग) | जिल्ला बाहिर दर्ता भएका संस्थाहरूले कार्यक्रम स्वीकृत दस्तुर (दर्ता / नवीकरण नगरेको हकमा) | ५,०००.०० | |
| (घ) | चिकित्सक, कविराज, ईञ्जिनियर, कानुन व्यवसायी आदि जस्ता सेवा प्रदान गर्नेहरूका लागि वार्षिक सेवा शुल्क | १०,०००.०० | ५,०००.०० |
| | लेखापरीक्षण, दन्त चिकित्सक, अनुसन्धानकर्ता, पशु चिकित्सक | ५,०००.०० | २,५००.०० |
| (ङ) | संस्था सूचीकृत | १,०००.०० | |

## अनुसूची - १७

## घर नक्सा पास र तल्ला थप, नामसारी तथा अभिलेखीकरण वापतको शुल्क

| **१७.१ भवन प्रयोजनको किसिम (प्रति वर्ग फिटको लाग्ने दस्तुर)** | | | | | |
|---|---|---|---|---|---|
| किसिम | आवासीय | औद्योगिक, व्यापारिक र सामुदायिक | सरकारी | संस्थागत | कैफियत |
| क वर्ग | १०.०० | १३.०० | १५ | १३.०० | |
| ख वर्ग | ५.०० | ८.०० | १० | ८.०० | |
| ग वर्ग | ४.०० | ७.०० | ८ | ७.०० | |
| घ वर्ग | २.०० | ५.०० | ७ | ६.०० | |
| **१७.२ भवनको नामसारी गर्नका लागि** | | | | | |
| क वर्ग | ४.०० | ७.०० | १० | ७.०० | |
| ख वर्ग | ३.०० | ५.०० | ८ | ५.०० | |
| ग वर्ग | २.०० | ५.०० | ७ | ५.०० | |
| घ वर्ग | १.०० | २.०० | ५ | २.०० | |
| **१७.३ भवनको मापदण्ड अनुसार नक्सा पास नभएका घरहरूका अभिलेखिकरण कार्य गर्नको लागि** | | | | | |
| क वर्ग | ८.०० | १०.०० | १२.०० | ११.०० | |
| ख वर्ग | ४ | ६.०० | ९.०० | ८.०० | |
| ग वर्ग | ३.०० | ५.०० | ८.०० | ७.०० | |
| घ वर्ग | २ | ४.०० | ६.०० | ५.०० | |
| १. कम्पाउण्ड वाल निर्माण कार्य गर्दा प्रति वर्ग फिट ०।५० | | | | | |
| भवन निर्माण गर्न म्याद समाप्त भई म्याद थप गर्नु परेमा नक्सा पासका लागि बुझाएका दस्तुरको १० प्रतिशत जरिवाना लाग्ने । | | | | | |
| ३. नक्सा पास संशोधन गराए वापत नक्सा पास दस्तुरको २५ प्रतिशत | | | | | |

| |
|---|
| यस नगरपालिकामा व्यवसाय दर्ता नगराएका प्राविधिक परामर्श सेवा फर्म मार्फत घर नक्सा बनाई पेश गर्दा प्रति वर्ग फिट ०।५० थप दस्तुर लाग्नेछ । |
| **नोटः-** |
| **"क" वर्गका घर- RCC ढलान** |
| **"ख"वर्गका घर- RCC पिल्लर, जस्ताका छाना र सिमेन्टका जोडाइ ।** |
| **"ग" वर्गका घर- माटोको गारो तथा जोडाइ भएका र जस्ताका छाना।** |
| **"घ" वर्गका घर- ढुङ्गा, माटो, काठ सहितका जस्ताले बारेका तथा तथा काठ, जस्तापाता ढुङ्गा र फुसको छाना ।** |

**नक्सा पास भई भवन निर्माण भईसकेका भवन महिलाको नाममा नामसारी गर्दा २५ प्रतिशत रकम छुट दिइनेछ।**

## अनुसूची - १८

## कार्यालयका औजार तथा सवारी साधन बहाल शुल्क

| १. | **कार्यालयका इक्युपमेन्ट तथा सवारी साधनको बहाल शुल्क** | **शुल्क** | **कैफियत** |
|---|---|---|---|
| (क) | एक्साभेटर (फ्युल बाहेक)(बकेट वा ब्रेकर सहित प्रति दिन) | १५,०००.०० | |
| (ख) | ब्रेकर मात्र(फ्युल बाहेक) (प्रति दिन) | ८,०००.०० | |
| (ग) | ब्याक-होलोडर (फ्युल बाहेक) (प्रति दिन) | ९,०००.०० | |
| (घ) | डबल टेण्डम रोलर (फ्युल बाहेक) (प्रति दिन) | १०,०००.०० | |
| (ङ) | टायर भएका रोलर (फ्युल बाहेक) (प्रति दिन) | ४,०००.०० | |
| (च) | हेभी ट्रिपर (फ्युल बाहेक) (प्रति दिन) | ८,०००.०० | |
| (छ) | साना ट्रिपर (फ्युल बाहेक) (प्रतिदिन) | ६,०००.०० | |

| | | | |
|---|---|---|---|
| (ज) | एम्बुलेन्स सोलुखुम्बु र ओखलढुङ्गा जिल्ला वाहेक (प्रति पटक) | ९,०००.०० | |
| (झ) | एम्बुलेन्स सोलुखुम्बु र ओखलढुङ्गा जिल्ला वाहेक खुरकोटबाट चरिकोट घुम्दै काठमाण्डौ जान (प्रति पटक) | १३,०००.०० | |
| (ञ) | प्रोजेक्टर (प्रतिदिन) | ५००.०० | |
| (ट) | जेनेरेटर (प्रतिदिन) | १०००.०० | |

## अनुसूची- १९

## सेवा व्यवसाय सञ्चालन सूचीकृत दर्ता र नवीकरण शुल्कः

| **१.** | **सेवा व्यवसाय सञ्चालन दर्ता शुल्कः** | **सूचीकृत दर्ता** | **सूचीकृत नवीकरण** | **कैफियत** |
|---|---|---|---|---|
| (क) | भाषा शिक्षण, टयूसन कक्षा, कम्प्युटर कक्षा जस्ता तालिम सञ्चालन गर्ने व्यवसाय | ५,०००.०० | ३,०००.०० | |
| (ख) | वैदेशिक रोजगार र परामर्श सेवा | ५,०००.०० | ३,०००.०० | |
| (ग) | घर जग्गा खरिद / बिक्री ( भू-सेवा) | ५,०००.०० | ३,०००.०० | |

## अनुसूची -२०

## अन्य विषयमा कर तथा शुल्क

| **१.** | **उद्योग स्थापनाका लागि सिफारिस** | **शुल्क** | **कैफियत** |
|---|---|---|---|
| (क) | ५ लाखसम्म | ३००.०० | |
| (ख) | ५ लाखदेखि २० लाखसम्म | ५००.०० | |
| (ग) | २१ लाख देखि ५० लाखसम्म | १,०००.०० | |

| | | | |
|---|---|---|---|
| (घ) | ५० लाख देखि १ करोडसम्म | १,५००.०० | |
| (ङ) | १ करोड देखि ५ करोडसम्म | ३,०००.०० | |
| (च) | ५ करोडमाथि | ५,०००.०० | |
| २. | **निजी विद्यालय अपग्रेड तथा दर्ता सिफारिस** | | |
| (क) | किण्डर गार्डेन | ५,०००.०० | |
| (ख) | आधारभूत विद्यालय तहको लागि | ७,५००.०० | |
| (ग) | माध्यामिक विद्यालय तहको लागि | १०,०००.०० | |
| (घ) | कलेज तथा क्याम्पसका लागि | १५,०००.०० | |
| ३. | माथिका बुँदामा कतै नसमेटिएका अन्य जुनसुकै सिफारिस वापत | ५००.०० | |
| ४. | धितो तथा सम्पत्ति मूल्याङ्कन गरे वापत मूल्याङ्कित रकमको पैसा प्रति हजार | ०.१५ | |
| ५. | **ऋण लिनेदिने प्रमाणित** | | |
| (क) | १ लाखसम्मको लेनदेन प्रमाणित (ऋण दिनेले) | ५००.०० | |
| (ख) | १ लाखदेखि ५ लाखसम्मको लेनदेन प्रमाणित (ऋण दिने/लिने दुबैले) पर्ने दस्तुर | १,०००.०० | |
| (ग) | १० लाखदेखि २० लाखसम्म लेनदेन प्रमाणित(ऋण दिने/लिने दुबैले) बुझाउनुपर्ने दस्तुर | २,०००.०० | |
| (घ) | २० लाखदेखि ५० लाखसम्म लेनदेन प्रमाण (ऋण दिने/लिने दुबैले) बुझाउनुपर्ने दस्तुर | २,५००.०० | |
| (ङ) | ५० लाखदेखि माथि लेनदेन प्रमाणित (ऋण दिने/ दिने दुबैले)बुझाउनुपर्ने दस्तुर | ३,०००.०० | |

| | | | |
|---|---|---|---|
| ६. | (क) न्यायिक समिति उजुरी दर्ता (घरेलु हिंसा वाहेक) | ५००.०० | |
| | (ख) अव्यवस्थित जुनसुकै सामान थोरै मूल्यका लागि जरिवाना(एक पटक) | १०००.०० | |
| | (ग)अव्यवस्थित जुनसुकै सामान धेरै मूल्यका लागि जरिवाना(एक पटक) | १५००.०० | |
| ७. | **अमिन खटाई वापतको शुल्कः** | | |
| (क) | अमिन खटाई सीमाङ्कन गर्नु पर्दा निवेदकले एक पटकको लागि तिर्नुपर्ने शुल्क (वडा नं.१, ८, ९, १०, ११) प्रति कित्ता | ३,५००.०० | |
| (ख) | अमिन खटाई सीमाङ्कन गर्नु पर्दा निवेदकले एक पटकका लागि तिर्नुपर्ने शुल्क (वडा नं.२, ३, ७) प्रति कित्ता | २,५००.०० | |
| (ग) | अमिन खटाई सीमाङ्कन गर्नु पर्दा निवेदकले एक पटकका लागि तिर्नुपर्ने शुल्क (वडा नं.४, ५, ६)प्रति कित्ता | १,५००.०० | |
| ८. | **व्यवसाय दर्ता शुल्क र नवीकरण शुल्क (सबै उद्योगहरू का लागि तोकिएकोमा बाहेक)** | १,०००.०० | |
| ९. | **"घ" वर्गका इजाजत पत्र (निर्माण व्यवसाय)ः** | | |
| (क) | **"घ"** वर्गका इजाजत पत्र दर्ता/नवीकरण | ५,०००.०० | २,०००.०० |
| (ख) | **"घ"** वर्गका इजाजत पत्र प्रतिलिपि | २,०००.०० | |
| १०. | **सूचीकृत** | | |
| (क) | निर्माण व्यवसायी सूचीकृत | ५,०००.०० | |
| (ख) | मसलन्द आपूर्ति छपाई गर्ने फर्म सूचीकृत(छापाखाना, लाईवेरी, स्टेसनरी) | १,०००.०० | |

| | | | |
|---|---|---|---|
| (ग) | परामर्शदाता,कन्सल्टेन्सी ,फार्मेसी,एग्रोभेट आदी सूचीकृत | २,०००.०० | |
| (घ) | एफ.एम.रेडियो,अनलाईन मिडिया तथा सञ्चार सम्वन्धि काम गर्ने सवै सूचीकृत | २,०००.०० | |
| (ङ) | अन्य समूह सूचीकृत /संस्था सूचीकृत/सहकारी सूचीकृत | १,०००.०० | |
| **११.** | **घर बहाल कर** | | |
| (क) | नगरपालिकाको स्वामित्वमा रहेका जग्गामा बनेका घर वा टहरामा घरधनी आफै बसेमा वा कसैलाई भाडामा दिएमा घर जग्गा बहाल कर वापतका कर लिईने )प्रति वर्गफिट वार्षिक बहाल बिटौरी कर | १३.०० | |
| (ख) | व्यक्तिको स्वामित्वमा रहेको घर तथा जग्गा कार्यालय, सङ्घ, संस्थालाई भाडामा दिंदा घर बहाल सम्झौताको आधारमा(कार्यालय, सङ्घ, संस्थाले) तिर्नुपर्ने घर तथा जग्गा बहाल कर | घर भाडा सम्झौता रकमको १० % | |
| **१२.** | **टेण्डर फाराम बिक्री विज्ञापन र सूचना) (अनुसार** | **सूचना अनुसार** | |
| **१३.** | **परीक्षा दस्तुर** | | |
| (क) | श्रेणीबिहिन पदका लागि परीक्षा दस्तुर | ५००.०० | |
| (ख) | सहायक स्तर (चौथो/पाँचौं) पदका लागि परीक्षा दस्तुर | १,०००.०० | |
| (ग) | अन्य पदका लागि परीक्षा दस्तुर | १,५००.०० | |
| **१४.** | लेखापरीक्षक निवेदन दस्तुर | १,०००.०० | |
| **१५.** | **घर नक्सा पास किताबः** | | |

| | | | |
|---|---|---|---|
| (क) | डिजाईन सहितको घर नक्शा पास किताव | ५,०००.०० | |
| (ख) | घरनक्शा पास किताव/घर, टहरा अभिलेखीकरण किताव | १,०००.०० | |
| १६. | खानी उत्खनन् | प्रदेश सरकारको दररेट अनुसार | |
| १७. | **फोहोर सङ्कलन** | | |
| (क) | आवासीय प्रयोजन (व्यक्तिगत ), सरकारी कार्यालय प्रति महिना | २५०.०० | |
| (ख) | होटल, पसल, टेलर्स, तरकारी पसल, शैलुन, पार्लर ) प्रति महिना | ३५०.०० | |
| (ग) | ग्यारेज, सामुदायिक अस्पताल, क्लिनिक, सिसाका पसल, सङ्घसंस्था, लज तथा गेष्ट हाउस, मासुपसल आदि प्रति महिना | ५००.०० | |
| १८. | **जडिबुटी र अन्य सेवामा देहायबमोजिम सिफारिस कर तथा शुल्क (रुपैंयामा)** | | |
| (क) | चिराइतो प्रति के.जी. | २.०० | |
| (ख) | लोक्ता र अर्घेली प्रति के.जी. | २.०० | |
| (ग) | नेपाली कागज प्रति कोरी | ५.०० | |
| (घ) | सुगन्धवाल प्रति केजी | १.०० | |
| (ङ) | सतुवा तिनतले बाँको | २.०० | |
| (च) | लौठसल्ला प्रति के.जी. | १.०० | |
| (छ) | सुनपाती प्रति के.जी. | १.०० | |
| (ज) | भैरुंगपाती प्रति के.जी. | १.०० | |
| (झ) | कुड्की प्रति के.जी. | १.०० | |
| (ञ) | मजिटो प्रति केजी. | १.०० | |
| (ट) | पदमचाल,चुल्ठी प्रति के.जी. | १.०० | |

| | | | |
|---|---|---|---|
| (ठ) | बोझो प्रति के.जी. | १.०० | |
| (ड) | वन लसुन प्रति के.जी. | २.०० | |
| (ढ) | जटामसी प्रति के.जी. | ३.००- | |
| (ण) | विष प्रति के.जी. | २.०० | |
| (त) | विषमा प्रति के.जी. | ५.०० | |
| (थ) | इन्द्रेणीका बीउ प्रति के.जी. | १.०० | |
| (द) | पाँचऔले प्रति के.जी. | ५.०० | |
| (ध) | सिलाजित प्रति के.जी. | २.०० | |
| (न) | झयाउ प्रति के.जी. | २.०० | |
| (प) | निर्मसी प्रति के.जी. | २०.०- | |
| (फ) | च्याउ प्रति के.जी. | १.०० | |
| (ब) | झ्याउ प्रति के.जी. | १.०० | |
| (भ) | मछिनो लगायत जडिवुट्टीको तेल प्रति लिटर | ५.०० | |
| (म) | चुथ्रो काँडो प्रति के.जी. | २.०० | |
| (य) | हाडखोर प्रति बोरा (प्रति ५० के.जी.) | १०.०० | |
| (र) | छाडा पशु चौपाया जरिवाना (प्रति गोटा) | १००.०० | |
| **१९.** | **कवाडी (सोलुदुधकुण्ड नगरपालिका भित्र सङ्कलित)** | | |
| (क) | धातुजन्यः फलाम, सिल्टी, तामा आदि प्रति के.जी | २.५०. | |
| (ख) | रबर, प्लाष्टिक,कागज जन्य प्रति के.जी. | २ | |
| २०. | **कवाडी (सेग्रिगेसन सेण्टरमा सङ्कलित)** | | |
| (क) | धातुजन्यः फलाम, सिल्टी, तामा जन्य कवाडी प्रति के.जी. | १८.५० | |

| | | | |
|---|---|---|---|
| (ख) | पानी, कोक, फेन्टा आदि वोतल जन्य कवाडी प्रति के.जी. | १७.५० | |
| (ग) | प्लाष्टिक जन्य कवाडी | १५.०० | |
| (ग) | कागज, काटुन जन्य सवाडी प्रति के.जी | १०.५० | |
| **२१.** | **नोटः-अन्यकरहरू-** प्रचलित कानुनबमोजिम हुने तथा कार्यपालिकाले आवश्यकताअनुसार करका शीर्षकमा थपघट गरी सभाबाट अनुमोदन गराउन सक्नेछ । | | |

आज्ञाले
सुरेन्द्र थापा
प्रमुख प्रशासकीय अधिकृत